नेपाल सरकार
कृषि विभाग, हरिहरभवन, ललितपूर

# विदेशबाट फर्कि कृषि व्यवसायमा लागेका युवाहरुको व्यवसायिक इन्भेन्ट्री तयारि गर्ने

देशमा पछिल्लो समय इजरायल, कोरिया लगायतका देशहरुमा कामदार भिसामा वा तालिमका लागि युवाहरु जाने र स्वदेश फर्की व्यवसायिक कृषि कर्ममा लाग्ने क्रम बढ्दै गएको पाइन्छ । ति युवाहरुलाई व्यवसायिक कृषिमा संलग्न गराउन सकिएमा विदेशमा सिकेका ज्ञान शिपको सदुपयोग हुनुको साथै अन्य युवाहरुलाई समेत उदाहरण बन्न सक्ने भइ कृषि व्यवसायिकरण मार्फत देशको आर्थिक सामाजिक रुपान्तरणको अभियानमा टेवा पुग्न जाने हुन्छ । यसर्थ, विदेशबाट फर्कि कृषि व्यवसायमा लागेका त्यस्ता युवाहरुको व्यवसायिक इन्भेन्ट्री तयार भएमा उनिहरुको ज्ञान शिपको उपयोग गर्न तथा उनिहरुलाई राज्यको तर्फबाट पुर्याउनु पर्ने सेवा सहयोगको लागि नीतिगत पृष्ठपोषण प्राप्त गर्न सकिने भएकोले देश भर छरिएर रहेका त्यस्ता युवाहरुको विवरण संकलन गर्ने प्रयोजनको लागि यो फारम तयार गरिएको छ । यो फारम मुल रुपमा स्थानीय तह (खटिएका कृषि प्राविधिक)को सहयोगमा कृषि ज्ञान केन्द्रले तयार गर्ने गरि बनाइएको छ । यो फारम भर्नको लागि सहभागी छनौटको आधार देहाय बमोजिम रहेको छ ।

१. श्रमिकको रुपमा वा तालिमका लागि कम्तिमा ६ महिना विदेश बसेको हुनु पर्ने छ

२. स्वदेश फर्कि हाल व्यवसायिक रुपमा कृषि सामाग्रि तयारि वा बेचबिखन, विभिन्न बालि तथा बस्तुहरुको उत्पादन, संकलन, प्रसोधन, भण्डारण, बजारीकरण, प्राविधिक सेवा टेवा लगायतका कार्यहरुमा व्यवसायिक फर्म दर्ता गरि वा नगरि व्यवसाय वा कारोबार सन्चालन गरेको हुनु पर्ने छ